# बैठक नं. -५८

आज मिति २०७६/१२/ ६ गते शुक्रबार दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ५८ औ बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर वहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री विष्णु प्रसाद भुसाल | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. शिवलाल श्रेष्ठ, प्रशासन तथा योजना शाखा प्रमुख
३. अभिलास पन्थी, अधिकृत छैठौं, योजना उपशाखा
४. कृष्ण हरी सापकोटा सूचना प्रविधि अधिकृत, सूचना शाखा
५. शिव पराजुली अधिकृत छैठौं, स्वास्थ्य शाखा
६. राम कुमार श्रेष्ठ स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य शाखा

**निर्णयहरु :**

१. COVID-19 का करण हुनसक्ने सम्भावित जोखिम र यसको पूर्वतयारीका सम्बन्धमा देहाय बमोजिम गर्ने ;

(क.) मिति २०७६/१२/०२ को नगर विपद व्यबस्थापन समितिको बैठकले गरेका निर्णयहरुलाई अनुमोदन गरि त्यसको स्वामित्व समेत लिंदै सिघ्र कार्यान्वयनमा लैजाने ,

(ख.) विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोरोना भाईरसको सम्भावित रोकथाम र उपचारको लागि मेयर विपद राहत कोषमा रु १ करोड जम्मा गर्ने र अत्यावश्यक सेवा जस्तै :- स्वास्थ्य सेवा, स्वास्थ्यकर्मी सूरक्षा सामग्री तथा औषधी आपूर्ति, स्वास्थ्य संस्थाहरुको आधारभूत अत्यावश्यक संरचना निर्माण, खानेपानी, खद्यान्न आपूर्ति, अन्य विपदमा खर्च गर्ने ,

(ग.) विपद् र महामारीको अवस्थामा कार्यपालिकाको पूर्ण बैठक बसी निर्णय गर्न सहज नहुने परिस्थितिमा आकस्मिक निर्णय लिनुपर्ने हुँदा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक, स्वास्थ्य शाखा प्रमुख र लेखा अधिकृत रहने गरी Quick Response Team बनाउने,

(घ.) स्वास्थ्य शाखाबाट पेश भएको स्थानीय तहको कोरोना प्रतिकार्ययोजना स्वीकृत गर्ने,

(ङ.) देवचुली नगरपालिकामा स्थायी बसोबास गर्ने र कामको सिलसिलामा बिदेश रहेका व्यक्तिहरु, श्रमिकका रुपमा नेपालको दक्षिणी सिमाना नजिकका नागरिक र भारतीय नागरिकहरु यस महामारीको समयमा घर फर्कने र काम गर्न आउने व्यक्तिहरु Quarantine मा बस्न आवश्यक देखिएकोले त्यस्ता व्यक्तिलाई आफ्नै घरमा स्थान भएमा Self Quarantine मा बस्न लगाउने, प्रत्येक वडामा कम्तिमा एक विद्यालय र विद्यालय नरहेका वडाले नजिकमा पायक पर्ने विद्यालयमा क्वारेन्टाईन कक्षको व्यबस्था गर्ने,

(च.) Quarantine मा बस्दा अपनाउनुपर्ने सावधानीका विधिहरु सिकाउने,

(छ.) शाश्वतधाममा आउने पर्यटक र दर्शनार्थीहरुको घुईचोका कारण पर्न सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै हालको अवस्थामा शाश्वधाममा दर्शनार्थी प्रवेश बन्द गराउन अनुरोध गर्ने,

(ज.) सि.जी. ईन्ड्रष्टियल पार्कभित्र रहेका विभिन्न औद्योगिक प्रतिष्ठानहरुमा भारत लगायत अन्य मुलुकबाट उद्योगका लागि आवश्यक कच्चा पदार्थ ढुवानी गर्ने ट्रक तथा कन्टेनरका चालक, सहचालकहरुले उद्योग अगाडीका होटलहरुमा खाने बस्ने गर्ने गरेकोले उक्त क्षेत्रका होटल, रेस्टुराँमा नियमित अनुगमन गरी COVID-19 का बारेमा जानकारी गराउने, त्यस्ता व्यक्तिको निगरानी गर्ने र भारतबाट आएकाको हकमा तुरुन्त जानकारी गर्न लगाउने,

(झ.) मेयर विपद् राहत कोषमा थप रकम सहयोगका लागि संघीय सरकार र गण्डकी प्रदेश सरकारमा लेखी पठाउने,

(ञ.) आमनागरिक र स्थानीय व्यवसायीहरुमा तपसिलका विषयहरुमा नगरपालिकाका तर्फबाट निर्देशन जारी गर्ने :-

- अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्कने,

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

... कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

- नियमित रुपमा साबुन पानीले हात धुने,

- व्यक्तिगत एवं घर आँगनको उचित सरसफाई गर्ने,

- गाउँ, घर, टोल, छिमेक, बजार र सार्वजनिक स्थलहरुमा अनावश्यक भिडभाड हुने क्रियाकलाप नगर्ने,

- व्यक्तिगत स्वास्थमा सचेत रहदैं आफ्नो रोग प्रतिरोधी क्षमता बढाउन सात्विक र पौष्टिक खानेकुरा खाने, दैनिक रुपमा आफ्नो घरमै ध्यान, व्यायाम र योग गर्न नगरबासीमा आव्हान गर्ने,

- सामान्य प्रकारको नियमित उपचार अस्पताल नगई घरमै गर्ने,

२. स्वास्थ्य शाखालाई नगरपालिकाभित्र सञ्चालनमा रहेका एम्बुलेन्सहरुको सूची तयार गरी सबै एम्बुलेन्स संचालकहरुलाई तयारी अबस्थामा रहन र आवश्यक पर्दा परिचालन गर्न लगाउने।

३. नगरक्षेत्रभित्रका निजी जमिनबाट ढुंगा, माटोको उत्खनन गर्ने कार्यलाई प्रचलित कानून बमोजिम व्यवस्थित गर्ने।

४. नगरपालिकाले जग्गा लिजमा लिई ठेक्का मार्फत् सञ्चालन गरेको सि.जी. पार्किङका सञ्चालकले हालको अवस्था देखाइ केही समयको लागी उक्त पार्किङ सञ्चालन गर्न नसक्ने र सो समयको नगरपालिकालाई बुझाउनुपर्ने राजस्व मिनाहाका लागि निवेदन पेश गरेको निजले २०७६ मंसीर मसान्तसम्मको राजस्व रकम मात्र दाखिला गरेकोमा चैत्र ६ गतेसम्मको बाँकी राजस्व दाखिला गराई यसपश्चात पार्किङ बन्द भएको अवधिको राजस्व मिनाहा गर्ने।

५. देवचुली नगरपालिकाको मध्यवर्ती क्षेत्रभित्रबाट ढुंगा, गिट्टी संकलन गर्दा लाग्ने राजस्व रकम रु ६००।०० (प्रति ट्र्याक्टर) मध्ये रु ३००।०० सिशवार मध्यवर्ती वन उपभोक्ता समितिलाई उपलब्ध गराउने।

६. वडा नं. ११ को योजना क्र.सं. १२२ शिर्षकलाई परिवर्तन गरि सो बजेटबाट ४" को जी.आई. पाईप, पानी तान्ने मोटर, आवश्यक तार र प्यानल बोर्ड खरिद गर्ने।

७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुबाट कार्यक्रम प्रस्ताव आव्हान गरिएकोमा शिक्षा शाखाले पेश गरेको प्रतिवेदनको आधारमा प्राथमिकताक्रम तोकि देहायका विद्यालयलाई सम्बन्धित निकायमा सिफारिस गर्ने :

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा कुमार थापा
नगर प्रमुख

Scanned with CamScanner

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागी विद्यालयहरुले परियोजना प्रस्ताव

| क.सं. | प्राथमिकताको आधारमा विद्यालयको नाम, ठेगाना, संचालित कक्षा | परियोजनाको नाम | अनुमति लागत | कार्यान्वयन अवधि समय | Emis Id |
|---|---|---|---|---|---|
| १ | सकला देवी मा.वि देवचुली-५ (०-१०) | माध्यमिक गणित विज्ञान अग्रेजी विषय शिक्षक (२ जना) | ९६५,७४०।- | | 480190005 |
| | | कम्प्युटर तथा सूचना प्रविधि | ५,३५,५००।- | | |
| | | विज्ञान प्रयोगशाला फर्निचर | ६,००,०००।- | | |
| | | हरित विद्यालय वातावरणीय सुधार रंगरोगन | ४,००,०००।- | | |
| २ | श्री प्रभात जनता आ.वि, देवचुली १६, (०-८) | चार कोठे भवन निर्माण | ५२,०७,०६६.६१।- | २०७७-०३-०१ | 480530009 |
| ३ | सूर्य किरण प्रा.वि देवचुली-११, (०-५) | आधारभुत तह कक्षा (०-५) संचालित विद्यायलहरु दुई कोठे भवन निर्माण | २५,००,०००।- | | 480510009 |
| ४ | शन्ति सिर्जता आ.वि, देवचुली ४, (०-८) | हरित विद्यालयक वातावरणीय सुधा एवं विद्यालय रंगरोगन | ५,०४,८०१ ।- | | 480190001 |
| ५ | भीमसेन आदर्श मा.वि, देवचुली-७, (०-१०) | खानेपानी तथा चेन्जिङ कोठा छात्राको लागि | ३०,०१,९९३.६२।- | | 480150006 |
| ६ | पृथ्वी मा.वि देवचुली-१०, (०-१२) | कक्षाकोठा तथा भवन निर्माण | २५,२२,८८२।- | | 480510008 |
| ७ | जनज्योति मा.वि देवचुली-१५, (०-१२) | विज्ञान प्रयोगशाला स्थापना र संचालन | २८,०,११६।- | | 480510004 |
| ८ | कालिका मा.वि देवचुली- ९, (०-१०) | इन्टरनेट सुविधा विस्तार | १९,००,०००।- | २०७७-०३-०१ | 480150002 |
| | | माध्यमिक तहमा अग्रेंजी गणित विज्ञान विषय शिक्षक | ९,३३,०००।- | | |
| | | खेल मैदान र खेल सामग्री व्यवस्थापन | ४,००,०००।- | | |
| ९ | देवचुली मा.वि, देवचुली-१६, (०-१२) | आवस सहितको भवन (डि.पि.आर) तयार गर्ने | १०,००,०००।- | | 480530013 |
| | | स्वीमिङपुलको डि.पि.आर तयार गर्ने | १५,००,०००।- | | |

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १० | नेपाल मा.वि देवचुली-१, (०-१२) | चेन्जिङ्ग कोठा समेतको छात्रा शौचालय निर्माण | १५,००,०००।- | | 480190002 |
| | | खेल मैदान | १०,००,०००।- | | |
| ११ | वरचुली मा.वि देवचुली-१७, (०-१२) | खेल मैदान निर्माण मर्मत सम्भार खेल सामाग्री व्यस्थापन | २५,००,०००।- | | 480530011 |
| १२ | जन ज्योति नमुना मा.वि देवचुली-१४, (०-१०) | खेल मैदान निर्माण मर्मत, खेल सामाग्री व्यस्थापन | २४,७९,४५५।- | | 480510014 |
| १३ | पशुपति साङ्गवेद संस्कृति मा.वि देवचुली-१५,(०-१०) | भवन निर्माण मर्मत | १५,००,०००।- | | 480510011 |
| | | आवासीय सुविधा पूर्वाधार निर्माणका लागि (डि.पि.आर) | ३,००,०००।- | | |
| | | कम्प्युटर तथा सूचना प्रविधि | ४,००,०००।- | | |
| | | इन्टरनेट सुविधा विस्तार व्यवस्थापन | ३,००,०००।- | | |
| १४ | बालकिरण आ.वि , देवचुली ६, (०-५) | छाना, छाउने जस्तापाता | ४,८६,५३८.९६ ।- | | 480150003 |
| १५ | नेपाल राष्टिय आ.वि देवचुली ६, (०-८) | खेल मैदान निर्माण | २५,५६,४७८.०१।- | | 480150005 |
| १६ | बाल्मिकी प्रा.वि, देवचुली १३, (०-५) | विद्यालय भैतिक पूर्वाधार निर्माण | २३,३९,८३३.२१ ।- | | 480510012 |

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख